तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : ८ मिति : २०७८/१०/१६

भाग-२

तमानखोला गाउँपालिका

## तमानखोला गाउँपालिकाको असल शिक्षक,असल विद्यार्थी असल, अभिभावक छनौट कार्यविधि, २०७८

आज्ञाले,

विकास लम्साल

प्रमुख प्रशासकीय अधिकृत

## असल शिक्षक,असल विधार्थी असल, अभिभावक छनौट मार्गदर्शन -२०७८

तमानखोला गाउँपालिकाको आर्थीक वर्ष २०७८/०७९ को निति तथा कार्यक्रममा उल्लेखित असल शिक्षक,असल विधार्थी असल, अभिभावक कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागी तमानखोला गाउँपालिकाले यो मार्गदर्शन जारी गरेको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मार्गदर्शनको नाम असल शिक्षक,असल विधार्थी,असल अभिभावक छनौट मार्गदर्शन,२०७८ रहेको छ ।
यो मार्गदर्शन तुरुन्त लागू हुनेछ ।

**२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ लागेमा यस निर्देशिकामा :
क) शिक्षक भन्नाले सामुदायीक विद्यालयमा कार्यरत शिक्षकलाई सम्भनु पर्दछ ।
ख) विधार्थी भन्नाले सामुदायीक विद्यालयमा अध्ययनरत विधार्थीलाई सम्भनु पर्दछ ।
ग) अभिभावक भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनि विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्भनु पर्दछ । सो शब्दले विद्यार्थीको बाबु,आमा,बाजे,बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउछ ।
घ) प्रधानाध्यापक भन्नाले सामुदायीक विद्यालयमा कार्यरत विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखलाई सम्भनु पर्दछ ।

**३ उद्देश्य :** यस मार्गदर्शनको उद्देश्य देहायबमोजिम रहेका छन-
क) असल शिक्षक,असल विधार्थी असल, असल अभिभावक छनौट मार्गदर्शन निर्धारण गरी पारदर्शी र प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्ने ।
ख) तोकिएको आधार र मापदण्ड बमोजिम असल शिक्षक,असल विधार्थी,असल अभिभावक छनौट गरी पुरस्कृत गर्न सहयोग पुराउने ।
ग) असल शिक्षक,असल विधार्थी,असल अभिभावकमा छनौट हुनेलाई प्रदान गरिने प्रोत्साहन रकमलाई शैक्षिक गुणस्तर सुधारका लागी उपयोग गर्न मार्गदर्शन गर्ने ।
घ) विधार्थीको सिकाई उपलब्धि वृद्धी गरी सिकाईमा गुणस्तरियता कायम गर्ने ।
ङ) शिक्षक,विधार्थी र अभिभावक विच असल सम्बन्ध कायम गर्ने ।

**४ छनौट समिति :**

तोकिएको आधार र मापदण्ड बमोजिम असल शिक्षक,असल विधार्थी,असल अभिभावक छनौट गरी पुरस्कृत गर्न देहाय बमोजिमको एक छनौट समिति रहने छ ।
क) गाउँपालिका प्रमुख वा प्रमुखले तोकेको कार्यपालिका सदस्य-संयोजक
ख) सामाजिक विकास समितिको संयोजक-सदस्य
ग) समितिले तोकेको गाउँशिक्षा समिति सदस्य मध्येबाट एक जना महिला सहित दुई जना-सदस्य
घ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

**५ छनौट समितिको भुमिका :**

१ विद्यालयबाट प्राप्त सिफारिसहरु लाई दफा ६ को आधारमा असल शिक्षक,असल विधार्थी,असल अभिभावक मूल्यांकन गर्ने ।
२ असल शिक्षक,असल विधार्थी,असल अभिभावक लाई दिईने पुरस्कार निर्धारण गर्ने ।
३ असल शिक्षक,असल विधार्थी,असल अभिभावक छनौट गर्ने ।

**६ असल शिक्षक,असल विधार्थी,असल अभिभावक छनौटका आधारहरु :**

विद्यालयले निम्न अनुसारका आधारबाट मूल्याँकन गरी उत्कृष्ट भनि गाउँपालिकामा शिफारिस गरेका शिक्षक र विधार्थीलाई छनौट समितिले सोही आधारमा समग्र गाउँपालिका भित्र सञ्चालित विद्यालयबाट शिक्षक,असल विधार्थी,असल अभिभावक छनौट गर्नेछ ।

असल शिक्षक,असल विधार्थी,असल अभिभावक छनौटका आधारहरु देहाय बमोजिम हुनेछ ।

क) असल शिक्षक छनौटका आधारहरु :

| क्र.स. | विवरण | आधार | पूर्णङ्क |
|---|---|---|---|
| १ | अन्तिम परिक्षाको कक्षा ३/५/८/१०/१२ को विधार्थी सिकाई उपलब्धि | विद्यालयहरुले पेश गरेका तहगत र विषयगत औषत सिकाई उपलब्धिलाई उच्च,मध्यम र निम्न गरी क्रमशः १०,८ र ६ अंक प्रदान गर्ने । | १० |
| २ | शिक्षक हाजिरी | विद्यालयहरुले पेश गरेका तहगत शिक्षकको प्रधानाध्यापक र वि.व्य.स.अध्यक्षबाट प्रमाणीत हाजिरी मध्येबाट विद्यालय खुलेको दिनलाई आधार मानि उच्च,मध्यम र निम्न गरी क्रमशः १०,८ र ६ अंक प्रदान गर्ने । | १० |
| ३ | विद्यालयले प्रदान गरेको विशेष जिम्मेवारी र कार्य सम्पादन | विद्यालय व्यवस्थापन समितिको निर्णयबाट शिक्षकलाई प्रदान गरेको विशेष जिम्मेवारी र कार्य सम्पादनको अवस्था अनुसार कार्यसम्पादनको वार्षिक प्रतिवेदनको आधारमा प्रति जिम्मेवारी र कार्यसम्पादन वापत २ अंकका दरले अंक प्रदान गर्ने । | १० |
| ४ | शिक्षण योजना र सिकाई सामग्री निर्माण | शिक्षण सिकाईका क्रममा शिक्षकले तयार गरेका शिक्षण योजना र सिकाई सामग्री मध्ये कुनै ५/५ वटा पेश गरे मध्ये प्रत्येकको १ अंकका दरले अंक प्रदान गर्ने । | १० |
| ५ | विद्यालयमा शैक्षिक सुधारका लागी गरेका कार्यहरु र उपलब्धि | विद्यालयको समग्र शैक्षिक सुधारका लागी गरेका कार्यहरु र उपलब्धि मध्ये कुनै ५ वटा पेश गरे मध्ये प्रकतिको आधारमा प्रत्येकको २ अंकका दरले अंक प्रदान गर्ने । | १० |
| | जम्मा | | ५० |

**ख) असल विधार्थी छनौटका आधारहरु :**

| क्र.स. | विवरण | आधार | पूर्णङ्क |
|---|---|---|---|
| १ | अन्तिम परिक्षाको कक्षा ३/५/८/१०/१२ को विधार्थी सिकाई उपलब्धि | विद्यालयहरुले पेश गरेका तहगत औषत सिकाई उपलब्धिलाई उच्च,मध्यम र निम्न गरी क्रमशः १०,८ र ६ अंक प्रदान गर्ने । | १० |
| २ | विधार्थी हाजिरी | विद्यालयहरुले पेश गरेका तहगत विधार्थीको प्रधानाध्यापक र वि.व्या.स.अध्यक्षबाट प्रमाणीत हाजिरी मध्येबाट विद्यालय खुलेको दिनलाई आधार मानि उच्च,मध्यम र निम्न गरी क्रमशः १०,८ र ६ अंक प्रदान गर्ने । | १० |
| ३ | गाउँपालिका स्तरिय परिक्षामा उत्कृष्ट विधार्थी | गाउँपालिकाले सञ्चालन गरेको विभिन्न परिक्षामा प्रथम,द्धितिय,तृतिय स्थान प्राप्त गरे वापत क्रमशः ५,३,१ गरी एक पटक भए १ अंक दुई पटक भए ३ अंक र तीन वा सो भन्दा बढि भए ५ अंक प्रदान गर्ने । | १० |
| ४ | गउँपालिका स्तरिय प्रतियोगितामा उत्कृष्ट विधार्थी | गउँपालिकाले सञ्चालन गरेको विभिन्न प्रतियोगितामा प्रथम,द्धितिय,तृतिय स्थान प्राप्त गरे वापत क्रमशः ५,३,१ गरी एक कार्यक्रम भए १ अंक दुई कार्यक्रम भए ३ अंक र तीन वा सो भन्दा बढि कार्यक्रम भए ५ अंक प्रदान गर्ने । | १० |
| ५ | विद्यालयमा विधार्थीले गरेका सिर्जनात्मक र रचनात्मक कार्य | विद्यालयमा विधार्थीले गरेका सिर्जनात्मक र रचनात्मक कार्य मध्ये कुनै ५ वटा पेश गरे मध्ये प्रकृतिको आधारमा प्रत्येकको २ अंकका दरले अंक प्रदान गर्ने । | १० |
| | जम्मा | | ५० |

**ग) असल प्रधानाध्यापक छनौटका आधारहरु :**

असल शिक्षक र असल विधार्थी ठहरिने दुबै बाट प्राप्त अंक मध्ये सबै भन्दा बढि अंक प्राप्त विधालयको प्रधानाध्यापकनै असल प्रधानाध्यापक हुनेछ ।

| क्र.स. | विवरण | आधार | पूर्णङ्क |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | असल प्रधानाध्यापक | असल शिक्षक | ५० |
| | | असल विधार्थी | ५० |
| | जम्मा | | १०० |

**घ) असल अभिभावक छनौटका आधारहरु :**
असल विधार्थी ठहरीने विधार्थीको अभिभावकनै असल अभिभावक हुनेछ ।

**७ असल शिक्षक,असल विधार्थी,असल अभिभावक छनौट संख्या**

| क.स. | तह | संख्या | कैफियत |
|---|---|---|---|
| १ | आधारभुत तह कक्षा १-३ सञ्चालित | १ जना | |
| २ | आधारभुत तह कक्षा १-५ सञ्चालित | १ जना | |
| ३ | आधारभुत तह कक्षा १-८ सञ्चालित | १ जना | |
| ४ | मध्यमिक तह कक्षा १-१०/१२ सञ्चालित | १ जना | |

**८ आर्थीक स्रोत :** यस कार्यक्रममा खर्चहुने सम्पूर्ण रकम तमानखोला गाउँपालिकाको आर्थीक वर्ष २०७८/७९ को निति अनुसारको कार्यक्रम शिर्षक असल शिक्षक,असल विधार्थी,असल अभिभावक बाट गरिने छ ।

**९ प्रचलित कानुन बमोजिम हुने :** यस मार्ग दर्शनमा उल्लेखित विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित काननु बमोजिम हुनेछ ।

**१० संशोधन :** गाउँकार्यपालिकाले आवश्यकता अनुसार यो मार्गदर्शन संशोधन तथा परिमार्जन गर्न सक्ने छ ।

अनुसुचि १
असल शिक्षक छनौट फारम

| क.स. | विधालय | शिक्षकको नाम | छनौटका आधार | प्राप्त अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | १ अन्तिम परिक्षाको विधार्थी सिकाई उपलब्धि वापत | | |
| | | | २ शिक्षक हाजिरी | | |
| | | | ३ विद्यालयले प्रदान गरेको विशेष जिम्मेवारी र कार्य सम्पादन वापत | | |
| | | | ४ शिक्षण योजना र सिकाई सामग्री निर्माण वापत | | |
| | | | ५ विद्यालयमा शैक्षिक | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सुधारका लागी गरेका कार्यहरु र उपलब्धि वापत | | |
| | जम्मा | | | | |

अनुसुचि २

असल विधार्थी छनौट फारम

| क.स. | विधालय | विधार्थीको नाम | छनौटका आधार | प्राप्त अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | १ अन्तिम परिक्षाको विधार्थी सिकाई उपलब्धि वापत | | |
| | | | २ विधार्थी हाजिरी | | |
| | | | ३ गाउँपालिका स्तरिय परिक्षामा उत्कृष्ट विधार्थी | | |
| | | | ४ गाउँपालिका स्तरिय प्रतियोगितामा उत्कृष्ट विधार्थी वापत | | |
| | | | ५ विद्यालयमा विधार्थीले गरेका सिर्जनात्मक र रचनात्मक कार्य वापत | | |
| | जम्मा | | | | |

अनुसुचि ३

असल प्रधानाध्यापक छनौट फारम

| क.स. | प्रधानाध्यापकको नाम | आधारहरु | प्राप्त अंक |
|---|---|---|---|
| १ | | असल शिक्षक | |
| | | असल विधार्थी | |

अनुसुचि ४

विद्यालयले तपशिल अनुसारका विवरण साथमा पेश गर्नु पर्ने छ।

असल शिक्षकको लागी

| क.स. | विवरण | आधार |
|---|---|---|
| १ | अन्तिम परिक्षाको कक्षा ३/५/८/१०/१२ को विधार्थी सिकाई उपलब्धि | तहगत र विषयगत औषत सिकाई उपलब्धिका लागी विधार्थीको प्रगति प्रतिवेद/ग्रेड सिटको प्रतिलिपि |

| | | |
|---|---|---|
| २ | शिक्षक हाजिरी | प्रधानाध्यापक र वि.व्य.स.अध्यक्षबाट प्रमाणीत शिक्षकको जम्मा हाजिरी विवरण |
| ३ | विद्यालयले प्रदान गरेको विशेष जिम्मेवारी र कार्य सम्पादन | विद्यालय व्यवस्थापन समितिको निर्णयबाट शिक्षकलाई प्रदान गरेको विशेष जिम्मेवारी र कार्य सम्पादनको वार्षिक प्रतिवेदन |
| ४ | शिक्षण योजना र सिकाई सामग्री निर्माण | शिक्षण सिकाईका क्रममा शिक्षकले तयार गरेका शिक्षण योजना र सिकाई सामग्री मध्ये कुनै ५/५ वटा |
| ५ | विद्यालयमा शैक्षिक सुधारका लागी गरेका कार्यहरु र उपलब्धि | विद्यालयको सम्रग शैक्षिक सुधारका लागी गरेका कार्यहरु र उपलब्धि  मध्ये कुनै ५ वटा |

अनुसुचि ५
असल विधार्थीको लागी

| क.स. | विवरण | आधार |
|---|---|---|
| १ | अन्तिम परिक्षाको कक्षा ३/५/८/१०/१२ को विधार्थी सिकाई उपलब्धि | तहगत र विषयगत औषत सिकाई उपलब्धिका लागी विधार्थीको प्रगति प्रतिवेद/ग्रेड सिटको प्रतिलिपि । |
| २ | विधार्थी हाजिरी | विद्यालयहरुले पेश गरेका तहगत  विधार्थीको प्रधानाध्यापक र वि.व्या.स.अध्यक्षबाट प्रमाणीत हाजिरी । |
| ३ | गाउँपालिका स्तरिय परिक्षामा उत्कृष्ट विधार्थी | गाउँपालिकाले सञ्चालन गरेको विभिन्न परिक्षामा प्रथम,द्धितिय,तृतिय स्थान प्राप्त गर्दा प्राप्त प्रमाण पत्रको प्रतिलिपि । |
| ४ | गउँपालिका स्तरिय प्रतियोगितामा उत्कृष्ट विधार्थी | गउँपालिकाले सञ्चालन गरेको विभिन्न प्रतियोगितामा प्रथम,द्धितिय,तृतिय स्थान प्राप्त गर्दा प्राप्त प्रमाण पत्रको प्रतिलिपि । |
| ५ | विद्यालयमा विधार्थीले गरेका सिर्जनात्मक र रचनात्मक कार्य | विद्यालयमा विधार्थीले गरेका सिर्जनात्मक र रचनात्मक कार्य मध्ये कुनै ५ वटा |